# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल


पत्र संख्याः २०७८/७९

**कृषि तथ्याङ्क संकलन सहजकर्ता (गणक) आवश्यकता सम्वन्धी सूचना**

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/१२/२१)*

खाद्य अधिकार तथा सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा १४ को उपदफा (१) कार्यान्वयनका लागि किसानको पहिचान गरी सरकारी तवरबाट किसानहरुलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शीता तथा सुशासन अभिवृद्धि गर्न तिनै तहको साझेदारीमा किसानको आवश्यक विवरणहरु विद्युतीय प्रणाली मार्फत संकलन गरी किसान परिचय पत्र वितरण गर्न किसान सूचीकरण कार्यक्रम संचालन गर्नु पर्ने भएको हुँदा उक्त कार्यक्रम संचालन गर्नका लागि जारी गरिएको किसान सूचीकरण कार्यक्रम कार्यविधि, २०७७ बमोजिम यस गाउँपालिका भित्रका वडाहरुमा तथ्याङ्क संकलनका लागि सहजकर्ता छनौट गर्नु पर्ने भएकोले तपसिलमा उल्लेखित योग्यता पुगेका व्यक्तिहरुले आवश्यक विवरण सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात् मिति २०७८/१२/२७ सम्म यस कार्यालयमा आवेदन दर्ता गर्न हुन सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क.सं. | पद/तह | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|
| १. | कृषि तथ्याङ्क संकलन सहजकर्ता (गणक)) | ६ | ➢ कक्षा १२ उत्तीर्ण,<br>➢ कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको,<br>➢ आफ्नै स्मार्ट फोन वा ल्यापटप भएको, | |

१. दरखास्त दिने स्थानः- मरिण गाउँपालिकाको कार्यालय ।
२. उम्मेदवारको उमेरको हदः दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
३. छनौटको किसिम :- अन्तरवार्ता ।
४. आवेदन साथ संलग्न कागजातहरु:-
   क) नेपाली नागरिकताको प्रतिलिपि,
   ख) न्यूनतम योग्ताको लब्धाङ्क प्रमाणपत्र प्रतिलिपि,
   ग) चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,
   घ) २ प्रति पासपोर्ट साइजको फोटो ।
६. सेवा सुविधाः- किसान सुचीकरण कार्यविधि, २०७७ अनुसार हुनेछ।
७. करार अवधिः १ महिना सम्म हुनेछ।
८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः- गणकले मरिण गाउँपालिका अन्तर्गतका खटाइएका वडाहरुमा कृषकको घरघरमा पुगेर तथ्याङ्क सफ्टवेयरमा प्रविष्ट गर्नु पर्नेछ।
९. परीक्षा तालिका दरखास्त दिने अन्तिम मितिको भोलीपल्ट प्रकाशन गरिनेछ।
१०. पारिश्रमिकः किसान सूचीकरण कार्यक्रम कार्यविधि, २०७७ अनुसार हुनेछ ।
११. प्राथमिकताः अनुभवी, कृषि विषय पढेकालाई विशेष प्राथमिकता दिइनेछ।
१२. आवेदनको ढाँचा www.marinmun.gov.np मा उपलब्ध गराईएको छ ।

२०७८/१२/२१

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

पुनश्चः थप जानकारीका लागि यस गा.पा. अन्तर्गत कृषि विकास शाखा प्रमुखको सम्पर्क नं.९८४११०३२८१ मा सम्पर्क गर्न सकिनेछ ।